## मिति २०७५ श्रावण १ गतेदेखि २०७५ असोज मसान्तसम्मको सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

| क.स. | विवरण | व्यवस्था |
|---|---|---|
| १ | निकायको स्वरुप र प्रकृति | कम्पनी ऐन, २०६३ वमोजिम स्थापना भई वैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ वमोजिम कारोवार गर्ने गरी नेपाल राष्ट्र वैंकबाट इजाजतपत्रप्राप्त झापा, मोरङ्ग, इलाम, सुनसरी र पाँचथर जिल्ला कार्यक्षेत्र भएको “ख” वर्गको विकास वैंक हो । |
| २ | निकायको काम, कर्तव्य र अधिकार | वैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ मा भए वमोजिमका काम, कर्तव्य र अधिकार रहेको छ । |
| ३ | निकायमा रहने कर्मचारी सख्या र कार्य विवरण | हाल स्थायी, अस्थायी, करार समेत गरि जम्मा कर्मचारी सख्या १६० रहेको र बैंकले तोकेको कार्यहरु विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत सम्पादन भइरहेका छ । |
| ४ | निकायबाट प्रदान गरिने सेवा | वैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०६३ वमोजिम क्षेत्रिय स्तरको “ख” वर्गको विकास वैंकले दिन सक्ने सम्पूर्ण वैंकिङ्ग सेवाहरु प्रदान गरिरहेको छ । |
| ५ | सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी | सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीहरुको विवरण वैंकको वेभसाईट www.edb.com.np मा उपलब्ध छ । |
| ६ | सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि | दस्तुर सम्बन्धमा विकास वैंकले विनियममा उल्लेख भए अनुसार तथा पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गरे वमोजिम र अवधिको हकमा कामको प्रकृति अनुसार फरक पर्नेछ । |
| ७ | निर्णय गर्ने प्रकृया र अधिकारी | बैंकिङ्ग कारोवारका सम्बन्धमा विभिन्न प्रकारका निर्णयहरु विभिन्न तहका अधिकारीहरुले गर्न सक्ने प्रकृया मिलाइएको छ । नियमित कार्य संचालन सम्बन्धमा प्रमुख कार्यकारी अधिकृत तथा विकास वैंकको सञ्चालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेको छ । |
| ८ | निर्णय उपर उजुरी सुन्ने अधिकारी | प्रमुख कार्यकारी अधिकृत श्री दिनेश कुमार पोखरेल<br>एक्सेल डेभलपमेन्ट वैंक लिमिटेड, केन्द्रीय कार्यालय, विर्तामोड, झापा ।<br>फोन नं. ०२३ ५४३५६४,५४३७१४ |
| ९ | सम्पादन गरेको कामको विवरण | वैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ वमोजिम क्षेत्रिय स्तरको “ख” वर्गका विकास वैंकहरुले गर्न सक्ने दैनिक कारोवारहरु सम्पादन भईरहेको छ । |
| १० | सुचना अधिकारी र प्रमुखको नाम र पद | सूचना अधिकारी : श्याम वहादुर वोहोरा (कम्पनी सचिव) र प्रमुख : दिनेश कुमार पोखरेल (प्रमुख कार्यकारी अधिकृत) |
| ११ | ऐन, नियम, विनियम वा निर्देशिकाको सूची | प्रचलित सम्पूर्ण ऐन, नियम, विनियम र निर्देशिकाहरु वित्तीय संस्थाले पालना गर्नु पर्ने हुन्छ भने देहाय वमोजिमको नियम, विनियम र निर्देशिकाहरु वैंकिङ्ग कार्यको लागि प्रमुख रुपमा रहेका छन ।<br>(१) वेंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ (२) नेपाल राष्ट्र वैंक ऐन, २०५८<br>(३) बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ (४) कम्पनी ऐन, २०६३<br>(५) बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४ (६) सम्पत्ति शुद्धिकरण निवारण ऐन, २०६४<br>(७) धितोपत्र सम्बन्धि ऐन, २०६४ (८) सुरक्षित कारोवार ऐन, २०६३<br>(९) करार ऐन, २०५६ (१०) विनिमय अधिकारपत्र ऐन, २०३४<br>(११) विदेशी विनिमय(नियमित गर्ने) ऐन, २०१९<br>(१२) आयकर ऐन, २०५८ (१३) धितोपत्र खरिद (सार्वजनिक निष्कासन) सम्बन्धी निर्देशिका,२०७३<br>(१४) उपरोक्त ऐन वमोजिमका सम्पूर्ण नियम तथा विनियमहरु<br>(१५) नेपाल राष्ट्र वैंकबाट विभिन्न समयमा जारी गरिएका सम्पूर्ण निर्देशन तथा परिपत्रहरु<br>)१६) बैंकले तयार गरि जारी गरेका नीति तथा विनियमहरु |
| १२ | आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण | बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणहरु राष्ट्रिय स्तरको पत्र पत्रिकामा प्रकाशित हुदै आएको छ भने वित्तीय संस्थाको वेभसाईट www.edb.com.np मा समेत ती विवरणहरु राखिएको छ । |
| १३ | तोकिए वमोजिमका अन्य विवरण | बैंकले आवश्यकता वमोजिमका विवरणहरु नियमित रुपमा सम्वन्धित निकायहरुमा पेश गरिने तथा सार्वजनिक प्रकाशन गरिने व्यवस्था रहेको । |
| १४ | अघिल्लो आ.व.मा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण | यस वैंकले वैकिङ्ग कारोवार सम्बन्धी कार्य गर्दै आएको छ । विशेष प्रकारको कुनै कार्यक्रम वा आयोजना संचालन गरेको छैन । |
| १५ | सार्वजनिक निकायको वेवसाईट भए सो को विवरण | यस वैंकको वेभसाईट www.edb.com.np हो । |
| १६ | सार्वजनिक निकायले प्राप्त गरेको | नभएको । |

| | | |
|---|---|---|
| | वैदेसिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र संझौता सम्बन्धी विवरण | |
| १७ | सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन | बैंकले त्रैमासिक रुपमा आर्थिक विवरण र वार्षिक प्रतिवेदन प्रकाशित गर्ने गरेको र वैंकको वेभसाईटमा पनि उपलव्ध गराईएको छ। |
| १८ | सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि | नभएको। |
| १९ | सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण | यस अवधिमा कुनै सूचना माग सम्बन्धि निवेदन प्राप्त नभएको। |
| २० | सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सो को विवरण | वार्षिक विवरणहरु पुस्तकको रुपमा प्रकाशित भई बैंकको वेभसाईटमा समेत राखिएको छ। साथै वैंकको आर्थिक विवरणहरु त्रैमासिक रुपमा राष्ट्रिय स्तरको पत्र पत्रिकामा प्रकाशित गरि वेवसाईटमा समेत राखिएको छ। |

एक्सेल डेभलपमेन्ट वैंक लिमिटेड
केन्द्रीय कार्यालय, विर्तामोड (झापा)
फोन नं. ०२३-५४३५६४/५४४०१०